Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : जेष्ठ २१, २०७८

## निषेधाज्ञाको १ महिनाको समयावधिमा २०० जना महिला तथा बालिकामाथि हिंसाको घटना अभिलेखिकरण, ४५ प्रतिशत हिंसा घरभित्रै

### पृष्ठभुमि

नेपाल सरकारले पटक-पटक निषेधाज्ञाको समय अवधि थप गरि नागरिकलाई कोरोना महामारी बाट सुरक्षित राख्ने प्रयास गरेको छ । यद्यपि महिला तथा बालिकामाथि हिंसा हुनका लागि यस विपदको अवस्थाले पनि वातावरण सिर्जना गरेको छ । जसका कारण महिला तथा बालिकाहरु हिंसापूर्ण वातावरणमा बाँच्न बाध्य भएको अवस्था विभिन्न तथ्याङ्कहरुले पुष्टी गर्दछ ।




निषेधाज्ञा शुरुवात भएदेखि ओरेकले १ महिनाको अवधिमा[1] २०० जना महिला तथा बालिकामाथि विभिन्न प्रकारका हिंसाका घटना भएको तथ्य अभिलेखिकरण गरेको छ । ओरेकद्वारा सञ्चालन गरिएका २ वटा हटलाईन, २३ जना मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक, साझेदार महिला सामुदायीक संघसंसस्थाबाट यी घटनाहरु अभिलेखिकरण गरिएका हुन् । यी मध्ये ४४ वटा घटनाहरु सञ्चार माध्यमबाट संकलन गरिएका हुन् । गत पन्ध्र दिन जेष्ठ १ देखि १५ सम्ममा १०३ जना महिला तथा बालिकामाथि

[1] बन्दाबन्दी शुरु भएदेखि (मिति २०७८ बैशाख १६ देखि जेष्ठ १५ गतेसम्म)

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

विभिन्न किसिमको हिंसा भएको पाईएको छ ।




निषेधाज्ञाको समयमा संकलित घटनाहरु मध्ये सबैभन्दा बढी ४५ प्रतिशत अर्थात ९० जना महिलाहरु आफ्नै श्रीमान् र परिवारका सदस्यहरुबाट हिंसाभोग्न बाध्य भएको तथ्याँकले देखाउँछ । अभिलेखीकरण भएका घरेलु हिंसाका घटनालाई हेर्दा महिलाहरुलाई दाइजो नल्याएको वा कम ल्याएको निहुँमा, छोरी छोरी जन्माएको निहुँमा, विवाह भएको लामो समयसम्म बच्चा नजन्मिएकोमा सबै दोष महिलालाई नै लगाईे, चारित्रिक आरोप लगाई, गालीगलौज तथा अपशब्द प्रयोग गरी ३९ जनालाई शारीरिक तथा २६ जनालाई मानसिक यातना दिएको पाइएको छ भने । यसैगरी २५ जना महिला तथा बालिकाहरुलाई खान लाउन नदिई घरनिकाला गरि वेवास्ता गरिएको, बच्चाको जन्मदर्ता, विवाह दर्ता, नागरिकता नबनाइदिएको र स्वास्थ्य सुविधा जस्ता आवश्यक स्रोत सुविधावाट बञ्चित गरी हिंसा गरिएको पाइएको छ । घरेलु हिंसाका घटनामा ७६ प्रतिशत (६८ जना) श्रीमान र २४ प्रतिशत (२२ जना) परिवारका सदस्य संलग्न रहेको देख्न सकिन्छ । यसले प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुनुपर्नेमा घरभित्रै महिला र बालिका अझ बढी असुरक्षित र हिंसाको जोखिममा रहेको देखाउँछ ।

यस अवधिमा ओरेकमा संकलन भएका हिंसाका घटनालाई हेर्दा महिला तथा बालिकामाथि यस्ता प्रकृतिका घटनाहरु भएका र घटनाको सम्बोधनका लागि निर्माण भएका संयन्त्रबाट सहयोगको अवस्था तपसिल बमोजिम रहेका छन्:

**२ वर्ष अगाडी प्रेम विवाह गरेकी २६ बर्षीय रुपा (परिवर्तित नाम) लाई दाइजोको निहुँमा श्रीमान तथा परिवारका सदस्यले यही जेष्ठ १० गते कुटपीट तथा मानसिक यातना दिएपछि सहन नसकेर दिदीको घरमा बस्दै आएकी छन्, यसैगरी नै जेष्ठ महिनामा नै मोरङ्गकी २१ बर्षीय सपना (परिवर्तित नाम) लाई दाइजोकै निहुँमा श्रीमानले नीलडाम हुने गरी लछार पछार गर्दै कुटपीट गरे सहन नसकेपछि भागेर ओरेकको सम्पर्कमा आईन् र त्यसपश्चात ओरेकको समन्वयमा प्रहरीमा उजुरी दर्ताका लागि गइन् तर बन्दावन्दीको कारणले घटनामा छलफल समेत हुन सकेको छैन र उनी माइतीमा बस्दै आएकी छन्, यस्तै दाङ्ग जिल्लाकी ४५ बर्षीय रमा (परिवर्तित नाम) उनको श्रीमान यही निषेधाज्ञाको समयमा बैदेशिक रोजगारीबाट फर्केर आए र विदेशमा बस्दा देखि नै शंका गरी चारित्रिक आरोप लगाएर मानसिक यातना दिँदै आएका उनले यही बैशाख ११ गते राती ८ बजे चारित्रिक आरोप लगाएर कुटपीट गरी घाँटी अँठ्याएर मार्ने प्रयास गर्दा प्रभावितले बल्ल तल्ल भागेर ज्यान बचाउन सफल भइन् र त्यो रात सडकमा नै विताइन् रातीको समय त्यसमाथि निषेधाज्ञा भएकोले उनले कसैलाई भनिनन् र भोलिपल्ट विहान बैशाख १२ गते मात्र**

**आफै ओरेकको सम्पर्कमा आइन् र ओरेकको समन्वयमा प्रहरीमा ज्यान मार्ने उद्योगमा घटना दर्ता गराईन् तर बन्दावन्दीको कारणले घटनाको प्रक्रिया अगाडी बढ्न सकेको छैन । यसरी सार्वजनिक भएका यी केही प्रतिनिधिमूलक घटना मात्र हुन् ।**

यद्यपी धेरै हिंसाका घटनाहरु सार्वजनिक हुन सकेका छैनन् भने घरपरिवारका व्यक्तिहरुबाट भएका घटनाको उजुरी दिन प्रभाीवतहरुले नसकेको कतिपय घटनाबाट प्रभावित व्यक्तिहरु रिमोट काउन्सेलिंगमा पनि आउन नसकेको, केहि प्रभावित व्यक्तिहरुले मेरो परिवारका व्यक्ति आए भनी विचमै फोन काट्ने गरेको, र तत्काल हिंसा प्रभावितका लागि सेवा प्रदान गर्ने सहयोगी संयन्त्रहरु पनि प्रभावित हुँदा न्याय पाउने विश्वास नै नभएका कारण पनि घटनाहरु बाहिर नआएको अवस्था छ ।

यसैगरी घरेलु हिंसाका घटना बाहेक यस अवधिमा ४५ वटा बलात्कार, १५ वटा सामाजिक हिंसा, १४ वटा हत्या, ५ वटा हत्या प्रयास, ६ वटा यौनदूर्व्यवहार, ४ वटा आत्महत्या, २ वटा मानव बेचविखन, २ वटा बलात्कारको प्रयास र १७ वटा अन्य प्रकृतिका हिंसाका घटना संकलन भएका छन् । अन्य प्रकिृतिका घटना मध्ये पारिवारिक स्रोतका अनुसार लैंगिक हिंसाको कारणले २ जनाले आत्महत्या प्रयास गरेका र १५ जनालाई अलपत्र पारिएका घटना रहेको छ ।




हिंसा प्रभावितहरुको उमेर समूहलाई हेर्दा सबैभन्दा बढी ६४ जना १७ देखि २५ वर्ष  उमेर समूहका महिलाहरु हिंसाबाट प्रभावित भएको पाईएको छ । यस्तैगरी २६ देखि ३५ बर्ष उमेर समूहका ५२ जना, ३६ देखि ४५ बर्ष उमेर समूहका २२ जना, ४६ बर्षभन्दा माथिका उमेर समूहका १४ जना महिलाहरु विभिन्न प्रकारका हिंसाबाट प्रभावित रहेका छन् । १६ बर्षभन्दा कम उमेरका ४६ जना बालिकाहरु हिंसाबाट प्रभावित भएको पाइएको छ र २ २ जना उमेर समूह थाहा नभएका महिला हिंसाबाट प्रभावित भएका छन् ।

कोभिड १९ को महामारीका कारण जारी गरिएको निषेधाज्ञाको अवधी बैशाख १६ गतेबाट १ महिना पूरा भइसकेको छ । यस महामारीको जोखिमबाट नागरिकलाई सुरक्षित राख्नका लागि तीनै तहका सरकारद्वारा जिम्मेबारी पूर्ण कार्यको शुरुवात पनि भइरहेको छ । तथापी कोरोनाको संक्रमण संगै, यस बन्दावन्दीको समयमा महिला तथा बालिका माथि हुन सक्ने लैङ्गिक हिंसाको जोखिमलाई रोकथाम तथा सम्बोधनका लागि सरकारले थप गम्भीरता र संवेदनशीलताका साथ कार्यहरु गर्नु आवश्यक रहेको छ ।

आफ्ना नागरिकहरुलाई हरेक किसिमको जोखिमबाट सुरक्षा गर्ने, हिंसा, अन्याय हुनवाट संरक्षण गर्ने र हिंसामा परेकाहरुलाई सहयोग गर्ने प्रमुख जिम्मेबारी राज्यको हो। धेरै तथ्यहरुले परिवारका सदस्य र आफ्नै समुदायका व्यक्तिहरुबाट महिलामाथि हिंसा हुने गरेको सत्य बाहिर ल्याईसकेको छ। यस परिस्थितिमा महिला र बालिकाहरु हिंसाको उच्च जोखिममा रहेको तथ्यलाई स्वीकार गर्दै, हिंसा प्रभावितका लागि जस्तोसुकै परिस्थितीमा पनि सरकार हिंसा र विभेद बिरुद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता पूरा गर्न सदैव तत्पर छ भन्ने सन्देश समुदाय स्तरसम्म पुऱ्याउन आवश्यक छ।

धन्यवाद

लुभराज न्यौपाने
कार्यकारी निर्देशक